# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशी प्रदेश विराटनगरबाट संचालित खोप कार्यक्रम सम्बन्धी मार्गदर्शन/सुझावहरु

कोशी प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशी प्रदेश विराटनगर, नेपाल

## १ खोप के हो :

- खोप भनेको एक किसिमको जैविक उत्पादन हो जसले कुनै खास किसिमको रोग विरुद्ध प्रतिरोध क्षमता विकास गर्छ । **(Vaccine is a biological preparation that improves immunity to a particular disease)**
- यसर्थ कुनै खास किसिमको रोगको रोकथामका लागि प्रयोग गरिने बस्तुलाई खोप भनिन्छ ।
- खोपले पशुको शरीरमा रोग प्रतिरोध प्रणालीलाई उतेजित गरेर खोपलाई बाह्य बस्तुको रुपमा पहिचान गर्छ र त्यसलाईलाई नष्ट गर्नका लागि एक किसिमको शक्ति विकास गर्छ र शक्ति सँचय गरेर राख्छ जसले गर्दा पछि सोही रोग लगाउने कीटाणु प्रवेश गरेको खण्डमा सँचित शक्तिले त्यसलाई मार्ने काम गर्छ । **(The agent stimulates the body's immune system to recognize the agent as foreign, destroy it and keep a record of it)**
- नेपाल सरकारले हाल गाई भैसीमा लाग्ने खोरेत रोग, भेडा बाखामा लाग्ने पिपिआर रोग सुंगुर बंगुरमा लाग्ने क्लासिकल स्वाईन फिवर तथा स्थानीय कुखुरामा लाग्ने रानिखेत रोग विरुद्ध रणनीतिक खोप कार्यक्रम निशुल्क रुपमा सबै जिल्लाहरुमा सँचालन गरेको छ।
- बेलाबखतमा देखा पर्ने विभिन्न आक्समिक रोगहरु जस्तै भ्यागुते चरचरे लम्पीस्किन जस्ता रोगहरु नियन्त्रणका लागि समेत खोप कार्यक्रम सँचालन गर्ने गरेको छ ।
- खोप कार्यक्रम सँचालनका लागि आवश्यक पर्ने खोपको मात्रा पशु सेवा विभागले उपलब्ध उपलब्ध गराउने गरेको छ भने नपुग खोपहरुको मात्रा विभिन्न निकायहरुले आफै खरिद गर्ने गरेको छ ।

## २ खोप कार्यक्रम सँचालनको आधार

- पशु सेवा विभागले उपलब्ध गराएको खोप कार्यक्रमहरु (खोरेत बाहेक) पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार सँचालन गरिन्छ ।
- गत आर्थिक बर्ष २०८१।८२ मा मिति २०८१।०७।२१ गतेमा कोशी प्रदेश सरकारबाट स्वीकृत भएको खोरेत रोग नियन्त्रण आयोजना संचालन कार्यविधि २०८१"अनुसार खोरेत रोग नियन्त्रणका लागि खोरेत खोप कार्यक्रम संचालन गर्ने गरिएको छ जस अन्तर्गत ईलाम जिल्लाका विभिन्न पालिकाहरुलाई खोरेत मुक्त जोन क्षेत्र घोषणाका लागि विशेष खोप अभियान सर्भिलेन्स निगरानी केन्द्र स्थापना लगायतका कार्यक्रमहरु तथा अन्य जिल्लाहरुमा खोरेत खोप अभियान कार्यक्रमहरु सँचालन भएको छ ।

## ३ खोप कार्यक्रम संचालनको मुख्य उद्धेश्यहरु

क. पशुपन्छीहरुमा लागने विभिन्न संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि खोप सेवा कार्यक्रम सँचालन गर्ने

ख. कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण तथा उन्मूलन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा खोरेत रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग. मन्त्रालयबाट यस प्रदेशमा निर्धारण गरिएको जोन तथा कम्पार्टमेन्टलाई तोकिएको विधि र प्रक्रिया अवलम्बन गर्दै खोरेत रोगबाट मुक्त गर्ने ।

घ. खोरेत रोग मुक्त जोन तथा कम्पार्टमेन्टको अन्तर्राष्ट्रिय मान्यताको लागि आवश्यक पूर्व तयारी गरी पशु सेवा विभाग मार्फत विश्व पशु स्वास्थ्य संगठनमा निवेदन दिने ।

ङ. खोरेत रोग मुक्त पशुजन्य पदार्थहरुको निर्यातमा टेवा पुर्याउने तथा कृषकहरुमा आर्थिक समृद्धि ल्याउने ।

## ४ खोपको मात्रा निर्धारण:

क. चालु आ व २०८२।८३ मा खोरेत खोप /क्लासिकल स्वाईन फिवर खोप/पिपिआर खोपको जिल्लागत पशुपंक्षीहरुको सँख्याको आधारमा मात्रा निर्धारण भई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा उपलब्ध गराईनेछ ।

ख. सम्बन्धित जिल्लाहरुलाई उपलब्ध गराईएको विभिन्न खोपहरु पालिकागत रुपमा स्थानीय तहको समन्वय बैठकमा बाँडफाँड गरिनेछ ।

ग. खोप कार्यक्रम संचालनको लागि आवश्यक पर्ने लजिष्टिक, खोप ढुवानी, पारिश्रमिक तथा खोप अभिलेखिकरणको फर्मेट सफ्टवेयर प्रयोगात्मक अभ्यास लगायतको कृयाकलापको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा बजेट विनियोजन गरिएको छ भने खोप कार्यको अनुगमन निगरानी केन्द्र स्थापना लगायतको कृयाकलाप सँचालनको लागि सम्बन्धित स्थानीय तहहरुमा बजेट विनियोजन भएको छ ।

<u>४ खोपको भण्डारण सम्बन्धी ध्यान दिनु पर्ने कुराहरु :</u>

क. खोप भण्डारणका लागि सम्भव भए सम्म Ice Lined Refrigerator ILR को व्यवस्था उपयुक्त हुन्छ किनकि यसमा विधुत नभएको समयमा पनि कम्तीमा ४८ घण्टा सम्म खोपलाई सुरक्षित राख्न सकिन्छ । अन्य अवस्थामा उच्च गुणस्तरको रेफ्रिजिरेटर अथवा डिप फ्रिजमा पनि खोप भण्डारण गर्न सकिन्छ ।

ख. खोप भण्डारणको लागि प्रयोग भएको रेफ्रिजिरेटर तथा डिप फ्रिजको लागि विधुत आपुर्तिको बैकल्पिक व्यवस्था समेत हुनु पर्दछ ।

ग. खोरेत खोपलाई +२ देखि +८ डिग्रि सेन्टीग्रेड तापक्रममा रेफ्रिजिरेटरमा राख्नु पर्दछ ।तर क्लसिकल स्वाईन फिवर खोप/ पिपिआर खोप जस्ता फ्रिज ड्राईड खोपलाई -२० डिग्रि सेन्टीग्रेड तापक्रम भएको डिप फ्रिजमा राख्नु पर्दछ ।

घ. खोप भण्डारण गर्दा खोपको किसिम अनुसार निर्धारण गरिएको तापक्रममा मात्र भण्डारण गर्नु पर्छ । आफु खुसी कहिले डिप फ्रिजमा वा कहिले रेफ्रिजिरेटरमा राख्ने गर्नु हुदैन ।

ङ. खोप ढुवानी गर्दा उपयुक्त तापक्रम मिलाएर कुल बक्स वा थर्मकुल बक्समा ढुवानी गर्नु पर्दछ ।

च. खोप भण्डारण गरिएको रेफ्रिजिरेटर अथवा डिप फ्रिज २४ सै घण्टा चालु अवस्थामा राख्नु पर्दछ ।

छ. खोप लगाउने बेलामा समेत खोपलाई उपयुक्त तापक्रममा राख्नु पर्दछ र कुल बक्सको बिर्को बन्द गरि राख्नु पर्दछ । खोपलाई सिधा घाममा पर्ने गरि प्रयोग वा ओसापसार गर्नु हुंदैन ।

ज. खोप कार्यक्रम सँचालनको समयमा खोप लगाउन जांदा कुल बक्समा राखिएको Ice pack लाई चिसो पारेर राख्नु पर्दछ ।

<u>५ पशुहरुमा लगाईने खोपको मात्रा तथा समय अवधि :</u>

<u>१ खोरेत खोप तालिका</u>

| क्र.सं. | प्रति पशु खोप लगाउने पटक | प्रजाति | |
|---|---|---|---|
| | | गाई, भैंसी तथा भेडा, बाख्रा | सुंगुर/बंगुर |
| १. | पहिलो पटक | ४ महिनाको उमेर पुगे पछि | २ महिनाको उमेर पुगे पछि |
| २. | बुस्टर डोज | पहिलो पटक खोप लगाएको १ महिना पछि | पहिलो पटक खोप लगाएको १ महिना पछि |
| ३. | पुनः खोप | प्रत्येक ६-६ महिनामा | प्रत्येक ६-६ महिनामा |
| | खोपको मात्रा | २ एम एल मासुमा सुई लगाउने | २ एम एल मासुमा सुई लगाउने |

<u>२ पिपिआर खोप तालिका</u>

| क्र.सं. | प्रति पशु खोप लगाउने पटक | भेडा, बाख्रा प्रजाति |
|---|---|---|
| १. | पहिलो पटक | ४ महिनाको उमेर पुगे पछि |

| | | |
|---|---|---|
| २. | बुस्टर डोज | |
| ३. | पुनः खोप | प्रत्येक १ बर्ष मा सुई लगाउने |
| | खोपको मात्रा | १ एम एल छाला मुनि सुई लगाउने |

**३ क्लासिकल स्वाईन फिवर खोप तालिका**

| क्र.सं. | प्रति पशु खोप लगाउने पटक | भेडा, बाखा प्रजाति |
|---|---|---|
| १. | पहिलो पटक | ६ देखि ८ हप्ताको उमेर पुगे पछि |
| २. | बुस्टर डोज | |
| ३. | पुनः खोप | प्रत्येक १ बर्ष मा सुई लगाउने |
| | खोपको मात्रा | १ एम एल छाला मुनि वा मासुमा सुई लगाउने |

**६ खोप कार्यक्रमहरुको समयवध तालिका :**

**खोपको किसिम**

| खोपको किसिम | लजिष्टिक सामग्री व्यवस्थापन | खोप बुझिलिने | खोप कार्य सँचालन | प्रतिवेदन तयारी तथा प्रेषण | जिम्मेवारी |
|---|---|---|---|---|---|
| खोरेत खोप (पहिलो चरन) | मिति २०८२।०७।०२ देखि १५गते सम्म असोज पहिलो हप्ता | मिति २०८२।०७।१८ देखि २२ गते सम्म | २०८२।०७।२३ देखि २०८२।०८।२३ गते सम्म | २०८२।०८।२३ देखि २०८२।०८ ३० गते सम्म । | विज्ञ केन्द्र स्थानीय तह खोप कर्ता |
| पिपिआर खोप | मिति २०८२।०९।०१ गते ५ सम्म | २०८२।०९।५ देखि १० गते सम्म | २०८२।०९।११ देखि ९।३० गते सम्म | २०८२।१०।०१ देखि २०८२।१०।७ गते सम्म | विज्ञ केन्द्र स्थानीय तह खोप कर्ता |
| क्लासिकल स्वाईन फिवर खोप | मिति २०८२।१०।०८ देखि १०।११ गते सम्म | २०८२।१०।१२ देखि १५ गते सम्म | २०८२।१०।१६ देखि ११।०६ गते सम्म | २०८२।११।०७ देखि ११।१७ गते सम्म | विज्ञ केन्द्र स्थानीय तह खोप कर्ता |
| खोरेत खोप (दोश्रो चरन) | मिति २०८३।१।१९ देखि २३ गते सम्म असोज पहिलो हप्ता | मिति २०८३।१।२४ देखि २५ गते सम्म | २०८३।१।२६ देखि २०८३।०२।२६ गते सम्म | २०८३।०२।२७ देखि २०८३।०३। १० गते सम्म । | विज्ञ केन्द्र स्थानीय तह खोप कर्ता |

**७ खोप कार्यक्रम संचालन सम्बन्धी जिम्मेबारी तथा सँचालन प्रकृया**

क. खोप कर्ताको नियुक्तिका लागि विज्ञ केन्द्रले सुचना प्रकाशन अथवा पत्राचार गरे अनुसार खोप कर्ताको योग्यता पुगेको प्राविधिकलाई स्थानीय तहले नियुक्ति दिई विज्ञ केन्द्रमा लिखित जानकारी गराउने ।

ख. स्थानीय तहबाट नियुक्ति वा सिफारिस भई आएको प्राविधिकलाई निर्धारित फर्मेटमा कार्य सम्पादन सँझौता गरि खोप कार्यक्रम सँचालन बारेमा विस्तृत छलफल गरि जानकारी गराउने ।

घ. निर्धारित खोप तालिका अनुसारको लजिष्टिक व्यवस्थापन- खोप ढुवानी व्यवस्थापन लगायतका कार्यहरु विज्ञ केन्द्रले संचालन गर्ने र उक्त कार्यका लागि सम्बन्धित स्थानीय तह र खोप कर्ताले समन्वय गर्ने ।

ङ. खोप कार्यक्रम संचालनको क्रममा कुने समस्या आई परेको खण्डमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय तथा सम्बन्धित विज्ञ केन्द्र सँग समन्वय गर्ने ।

**८ खोप कार्यक्रमको रिर्पोटिङ्ग**

क. निर्धारित खोप तालिका अनुसारको कार्यहरु समयमै सम्पन्न गर्ने ।

ख. खोप कार्यक्रम सँचालनको बखतमा कार्यविधिले निर्धारिण गरेको खोप कार्ड सबै कृषकलाई अनिवार्य रुपमा खोप कर्ताले दिने ।

ग. खोप कार्य संचालनको अभिलेख Animal Vaccination Information System (AVIS) मा प्रविष्ट गर्ने

घ. शुरुमा खोप अभिलेख प्रविष्टिको लागि निर्धारित फर्मेटमा समेत विवरण प्रविष्ट गर्ने ।

ङ. खोप कार्य सम्पन्न पश्चात Animal Vaccination Information System बाट प्रतिवेदन तयार गरि सम्बन्धित वडाध्यक्ष वा पशु सेवा शाखा प्रमुख सँग प्रमाणित गराई भुक्तानीको लागि विज्ञ केन्द्रमा पेश गर्ने

**९. खोप कार्यक्रमको पारिश्रमिक सम्बन्धी व्यवस्था**

क. खोप कार्यक्रम संचालन पश्चात खोप कार्यक्रमको समष्टीगत प्रतिवेदनको प्रमाणित कागजात विज्ञ केन्द्रमा पेश गरे पछि सम्बन्धित खोप कर्ताको बैक खातामा मात्र भुक्तानी दिईनेछ । भुक्तानीमा नेपाल सरकारको प्रचलित आर्थिक नियमानुसार करकट्टी हुनेछ ।

ख. भुक्तानीको लागि सम्बन्धित खोप कर्ताको बैंक खाता र स्थायी लेखा नम्बर अनिवार्य हुनेछ ।

ग. खोप कार्यक्रम सँचालन गर्दा स्थानीय तह तथा विभिन्न सँघ सँस्था सहकारीहरुले आफ्नो श्रोतबाट प्रोत्साहन स्वरुप थप पारिश्रमिक वा सुविधा दिन सक्नेछ ।

| क्र.सं. | खोपको किसिम | भौगोलिक क्षेत्र | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (रु. प्रति पशु) | भुक्तानीको आधार |
|---|---|---|---|---|---|
| १. | खोरेत खोप (पहिलो र दोश्रो चरन) | हिमाली तथा पहाडी क्षेत्र | गाई, भैंसी, वंगुर | रु. ३०।(रु. तीस मात्र) | खोरेत रोग नियन्त्रण आयोजना संचालन सम्बन्धी कार्यविधि २०८१ अनुसार |
| | | | भेंडा, बाखा | रु. २०।(रु. बीस मात्र) | |
| | | तराई क्षेत्र | गाई, भैंसी, वंगुर | रु. २५।(रु. पच्चीस मात्र) | |
| | | | भेंडा, बाखा | रु. १५।(रु. पन्ध्र मात्र) | |
| २ | पिपिआर | सबै क्षेत्र (हिमाल पहाड र तराई) | भेंडा, बाखा | रु ५ प्रति पशु | पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार |
| ३ | क्लासिकल स्वईन फिवर | सबै क्षेत्र (हिमाल पहाड र तराई) | सुंगुर बंगुर | रु ५ प्रति पशु | |

कोशी प्रदेश विराटनगरबाट पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयचालु आ व २०८२।८३ को लागि जिल्लागत पशुपन्छी तथ्याक तथा विभिन्न खोपहरुको निर्धारित

| District Category | District | Livestock Population of Koshi Province | | | | | FMD vaccination for Cattle Buffalo | | | | PPR vaccination for Sheep Goat | | CSF vaccination for Swine | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Cattle | Buffalo | Goatर | Sheep | Pig | Vaccine demand 1st dose | Vaccine demand 2nd dose | % Coverage acc. to province data | Total Vaccine demand | Total Vaccine demand | % Coverage acc. to province data | Total Vaccine demand | % Coverage acc. to province data |
| FMD Zone/ Disease High-Risk District | Ilam | 116176 | 18293 | 303304 | 908 | 56717 | 135000 | 135000 | 100.39 | 270000 | 215000 | 70.67 | 35000 | 61.71 |
| FMD Buffer Zone/ Disease High-Risk Districts | Panchthar | 62738 | 19350 | 165917 | 1328 | 58001 | 66000 | 66000 | 80.40 | 132000 | 120000 | 71.75 | 35000 | 60.34 |
| | Dhankuta | 56517 | 11802 | 226416 | 180 | 49557 | 55000 | 55000 | 80.50 | 110000 | 160000 | 70.61 | 30000 | 60.54 |
| | Morang | 248355 | 40802 | 535469 | 359 | 79617 | 235000 | 235000 | 81.27 | 470000 | 380000 | 70.92 | 56000 | 70.34 |
| | Jhapa | 214097 | 32382 | 495895 | 32 | 77480 | 200000 | 200000 | 81.14 | 400000 | 350000 | 70.57 | 55000 | 70.99 |
| | Sunsari | 175962 | 50372 | 343200 | 2373 | 65197 | 182000 | 182000 | 80.41 | 364000 | 245000 | 70.90 | 46000 | 70.56 |
| | Udaypur | 86964 | 39430 | 346821 | 808 | 87710 | 102000 | 102000 | 80.70 | 204000 | 245000 | 70.48 | 62000 | 70.69 |
| Disease Medium-Risk Districts | Khotang | 71591 | 41629 | 210852 | 7100 | 48530 | 74000 | 74000 | 65.36 | 148000 | 135000 | 61.94 | 25000 | 51.51 |
| | Terhthum | 30207 | 12534 | 115118 | 982 | 28369 | 28000 | 28000 | 65.51 | 56000 | 70000 | 60.29 | 15000 | 52.87 |
| | Okhaldhunga | 47440 | 38152 | 159630 | 7528 | 21092 | 56000 | 56000 | 65.43 | 112000 | 105000 | 62.81 | 11000 | 52.15 |
| | Bhojpur | 78408 | 23401 | 162904 | 4140 | 49322 | 67000 | 67000 | 65.81 | 134000 | 105000 | 62.86 | 25000 | 50.69 |
| Disease Low-Risk Districts | Sankhuwasabha | 63683 | 14405 | 164369 | 12442 | 36501 | 40000 | 40000 | 51.22 | 80000 | 90000 | 50.90 | 19000 | 52.05 |
| | Solukhumbu | 36213 | 18532 | 62258 | 2722 | 25517 | 28000 | 28000 | 51.15 | 56000 | 35000 | 53.86 | 13000 | 50.95 |
| | Taplejung | 36076 | 13485 | 109873 | 4251 | 30442 | 26000 | 26000 | 52.46 | 52000 | 60000 | 52.57 | 16000 | 52.56 |
| | **Total** | **1324426** | **374567** | **3402027** | **45153** | **714052** | **1294000** | **1294000** | | **2588000** | **2315000** | | **443000** | |